# कार्यकारी सारांश

नेपाल सरकारले विद्यमान अबस्थामा रहेको यातायात सुविधाको विस्तार गर्न दुर्गम क्षेत्रलाई मुख्य प्राथमिकता दिएको छ । यसै सर्न्दभमा (भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय) सडक विभागले देशको विभिन्न भागहरुमा (मध्यमाञ्चल, मध्यपश्चिमाञ्चल र सूदुरपश्चिमाञ्चल) सडक आयोजनाहरु संचालन गरि रहेको छ ।

प्रमुख सहायक सडकको रुपमा वर्गीकृत सितलपाटि-मुसिकोट सडक आयोजना, सल्यान जिल्लाको सितलपाटिबाट सुरु भई रुकुम जिल्लाको सदरमुकाम मुसिकोट खलंगामा गएर समाप्त हुन्छ । सितलपाटि-मुसिकोट सडक- सल्यान जिल्लाको कजेरी, सिद्येश्वरी, बाजकाँडा, थारमारे, शिवरथ र दाहकदम गा.वि.स. हुदैं रुकुम जिल्लाको मुरु, खारा, रुगाँ, भलाकक्ष गा. वि. स. भएर मुसिकोट खलगालाई जोड्न पुगेको छ । विद्यमान सितलपाटि-मुसिकोट सडकको स्तरोन्नति कार्य गर्दा केही जग्गा अधीकरण गर्नुपर्ने देखिन्छ । यस आयोजनाको (Design Phase) अनुसार ८६ कि.मि. लम्बाई, १५ हेक्टर व्यक्तिगत जग्गा, ४८ घर संरचना, १०४ टहरा र ५३५रुखहरुमा असर पुग्ने देखिन्छ ।

विद्यमान सितलपाटि-मुसिकोट सडकको डिजाइन चरणमा तयार भएको (RAP) पुर्नवास कार्ययोजना कार्यान्वयनको चरणमा केही थप घर संरचना तथा व्यक्तिगत जग्गामा असर पुग्ने देखिएकोले यस सडकको सहायक पूर्नवास कार्ययोजना {Supplementary Resettlement Action Plan (SRAP)} तयार गरिएको छ ।

यस सहायक पूर्नवास कार्य योजना ( (SRAP) अध्ययनको मुख्य उद्देश्य प्रस्तावित आयोजना निर्माण तथा संचालनको लागि अधीकरण गर्नुपर्ने व्यक्तिगत जग्गा, घर/टहरा लगायतका प्रभावहरुको क्षतिपुर्तीको व्यवस्था गर्नु हो । (RAP/SRAP) मा प्रभावित व्यक्तिगत जग्गामा / घर संरचनाहरु मध्ये ६२%, घरधुरीको ५% जग्गा प्रभावित हुने देखिन्छ  भने १८.२% घरधुरीमा ५-१०% सम्म जग्गा क्षति हुने देखिन्छ ।

यस सहायक पुर्नवास कार्ययोजना तयार पार्ने सन्दर्भमा सर्वप्रथम जग्गा/घर धनीले दिएको छुट कित्ताहरुको निवेदन दार्ता गरी, स्थलगत निरिक्षण र नापी कार्यालयको सर्वेक्षण अनुरुप कित्ताकाटको आधारमा थप प्रभावित घर/जग्गाको सूची तयार गरिएको छ ।

यस सहायक पूर्नवास कार्ययोजना अनुरुप जम्मा  ६७ घर र २६६६२ वर्गमिटर जग्गा (२१७ कित्ता जग्गा) अधिकरण गर्नु पर्ने देखिन्छ । प्रभाव न्यूनिकरण गर्ने सर्न्दभमा नगद क्षतिपूर्ति र जिविकोर्पाजनको व्यवस्था, पूर्नवास सहायता तथा अन्य सहायताहरु प्रभावित व्यक्तिहरुलाई उपलव्ध गराउनुको साथै अस्थाई अधिकरणको हकमा भाडामा लिने व्यवस्था यस पूर्नवास कार्ययोजनामा छ ।

यस साहयक पूर्नवास कार्ययोजनाले प्रभावित व्यक्तिहरुको प्रमाणीकरणको लागि हकदैया नितिको अनुरुप क्षतिपूर्ति, पूर्नवास सहायता तथा अन्य सहायताको (निमसरो व्यक्तिको लागि) व्यवस्था गरिन्छ ।

प्रस्तावित सहायक पूर्नवास कार्य योजनाको कार्यान्वयनको लागि नेपाली रु. १६५४१३१५ प्रस्ताव गरिएको छ भने कार्यान्वयनको समयमा क्षतिपूर्ति रकम CDC द्वारा निर्धारीत गरिन्छ ।

पूर्नवास कार्ययोजनाको सफल कार्यान्वयनको लागि नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग अर्न्तगत सडक क्षेत्र विकास आयोजना (RSDP) ले पूर्नवास कार्ययोजनाको आर्थिक व्यवस्थापन तथा भू–वातावरण तथा सामाजिक शाखाद्धारा यसको समिक्षा, स्वीकृती तथा अनुगमन गर्नेछ ।

यस सहायक पूर्नवास र्कययोजना कार्यान्वयनको लागि आन्तरिक मूल्याङ्कन गर्ने कार्य, आयोजना समन्वय ईकाई सडक क्षेत्र विकास आयोजना (RSDP) र भू–वातावरण तथा सामाजिक शाखा हो । यस कार्यमा भू–वातावरण तथा सामाजिक शाखा र परामर्शदाता कार्यालयमा कार्यरत (National Individual Social Development Expert and Social Development / Resettlement Specialist) को पूर्ण सहयोग रहने छ । यसरी गरिने आन्तरीक मूल्याङ्कनले पूर्नवास कार्ययोजना उल्लेख भए वमोजिम सम्पति मूल्याङ्कनको रुजु, जिविकोर्पाजनको सुधार, सुचनाको सम्प्रेशण र प्रवाह प्रभावित परिवारहरुसंगको नियमित परामर्श, Entitlement को उचित प्रयोग, आय क्षतिको भुक्तानी, उचित सहयोग, गुनासो निदान संयन्त्रको प्रभावकारी सञ्चालन, गुनासो दर्ताको प्रकृया जस्ता विषयहरुलाई केन्द्रित गर्ने छ ।

अन्तत यस सहायक पूर्नवास कार्ययोजनालाई सडक विभाग अर्न्तगत भू–वातावरण तथा सामाजिक शाखा / सडक क्षेत्र विकास आयोजना तथा विश्व बैंकमा पेश गरि सडक विभागको website मा खुलासा (disclosed) गरिने छ ।